
annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १२ पृष्ठ ८ | काठमाडौं, सोमबार २९ वैशाख २०८२ | वैशाख शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४५ | MONDAY, MAY 12, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकसाथ प्रकाशित | मूल्य : रु. १०

## 'पूर्वतयारी र लगानीको ढाँचा तय भएका आयोजनामा बजेट केन्द्रित'



**अन्नपूर्ण** | *काठमाडौं*

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले पूर्वतयारी र लगानीको ढाँचा तय भएका आयोजनामा बजेट केन्द्रित हुने बताएका छन्। आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता प्रतिनिधिसभामा आइतबार प्रस्तुत गर्दै अर्थमन्त्री पौडेलले यस्तो बताएका हुन्।

'सार्वजनिक वित्तका क्षेत्रमा विगतदेखि झाँगिँदै आएका विकृति तथा विसंगतिको अन्त्य गर्दै पूर्वतयारी र लगानी ढाँचा तय भएका आयोजनामा पुँजीगत विनियोजन केन्द्रित गरिनेछ,' पौडेलले भने, 'राष्ट्रिय प्राथमिकताका उच्च प्रतिफल हासिल हुने आयोजनामा सार्वजनिक ऋणको उपयोग र दिगोपना सुनिश्चित गरिनेछ।

सार्वजनिक वित्त सन्तुलन कायम गर्न राजस्व परिचालनलाई प्रभावकारी बनाइनेछ।' अर्थमन्त्री पौडेलले मुलुकको संविधानले व्यवस्था गरेको मौलिक हक र निर्देशक सिद्धान्तको कार्यान्वयनमा उच्च महत्व दिइने बताए। लोककल्याणकारी राज्यको अवधारणा अनुरूप समावेशी विकास र सामाजिक न्याय कायम गरिनेछ। विकासको लाभमा आम नागरिकको पहुँच सुनिश्चित गरिने उनले बताए।उनले दिगो र तीव्र गतिको विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिने र सबल अर्थतन्त्र निर्माण गर्न उत्पादनमुखी विकासको ढाँचा अवलम्बन गरिने जानकारी दिए। उनले सन्तुलित र समावेशी विकासका लागि संघ, प्रदेश र स्थानीय तह तथा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाइने बताए।

अर्थमन्त्री पौडेलले राष्ट्रिय प्राथमिकताका उच्च प्रतिफल हासिल हुने आयोजनामा सार्वजनिक ऋणको उपयोग र दिगोपना सुनिश्चित गरिने जानकारी दिए। मुलुकको अर्थतन्त्रलाई गतिशील तुल्याउन कानुनी, संस्थागत र प्रक्रियागत सुधार गरिने, आर्थिक क्षेत्रका नियामकीय निकायको भूमिकालाई सुदृढ बनाइने र सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक तयारी गरिनेछ। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका सुझावहरू क्रमश: कार्यान्वयन गरिने उनले बताए। 'लगानीमैत्री व्यावसायिक वातावरण सिर्जना गर्न एकद्वार सेवा प्रणालीलाई प्रभावकारी बनाइनेछ,' पौडेलले भने,'जग्गाको हदबन्दी, वन क्षेत्रको प्रयोग, कर सहुलियत र नाफा फिर्ता प्रक्रियामा देखिएका कठिनाइ र बेमेलको निराकरण गरिनेछ।' विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) को छलफलका लागि वैशाख ३०, ३१ र जेठ १ र २ गते निर्धारण गरिएको सभामुख देवराज घिमिरेले जानकारी दिए।

कभर स्टोरी


# तराईका एकतिहाइ दलित महिलाले विद्यालयमा पाइलो पनि टेकेका छैनन्


जातीय विभेद र समानताले थिचिएको दलित वर्गमा शिक्षाको अवस्था अझै नाजुक देखिएको छ। सरकारी तथ्यांकअनुसार पनि तराईका एकतिहाइ दलित महिलाले विद्यालयमा पाइलासम्म टेकेका छैनन्। जहाँ निरक्षर महिलाको संख्या ५५ दशमलव ९ प्रतिशत छ। यस्तै, पहाडमा पनि दलित समुदायमा शिक्षाको पहुँच निकै कम छ। त्यसैले राज्यले दलित वर्गको उत्थान र विकासका लागि शिक्षा र आर्थिक उपार्जनमा प्रशस्त लगानीको जरुरी छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २




## विश्व शान्ति फैलाउँदै लुम्बिनी



**लक्ष्मण पोखरेल** | *लुम्बिनी*

भारत र पाकिस्तानबीच गोलाबारुद्ध हानाहान भयो। तर, लुम्बिनीमा शान्तिका लागि सयौं दीप प्रज्वलन भए। बुद्धजयन्तीको पूर्वसन्ध्यामा नेपाल र भारतको बौद्ध सम्पदाको विषयमा गोष्ठी गरियो। भारतीय प्रतिनिधिहरू दीप प्रज्वलनमा सहभागी भए।

लुम्बिनीमा हरेक पूर्णिमाका दिन शान्तिको कामना गर्दै हजारौं दीप प्रज्वलन गर्ने गरिन्छ। बुद्धजयन्तीको सन्दर्भमा चिनियाँ मन्दिर लुम्बिनीले बुद्धको बाल्यकालीन मूर्तिनजिकै हजारौं दीपहरू बालेर शान्तिको सन्देश फैलायो। दुई साताअघि मात्रै चिनियाँ संस्कृति प्रबर्धन सोसाइटीले पहिलो बुद्धिस्ट फेस्टिभलको आयोजना गर्‍यो। जसमा ४० देशका बौद्ध भिक्षु तथा अनुयायीहरूको सहभागिता रह्यो।

थाइल्यान्डका थाइविहार र धम्मकाय संस्थाले लुम्बिनीमा ५ सय अल्पकालीन भिक्षुहरूको प्रवज्या सहितको बौद्ध त्रिपिटक उच्चारण कार्यक्रमको आयोजना गरे। अखिल नेपाल भिक्षु महासंघको समन्वयमा भएको कार्यक्रममा कैयौं देशका सयौं भिक्षु, भिक्षुणी र अनुयायीहरूको उपस्थिति रह्यो भने शान्तिको कामना गर्दै ८ हजार बढी दीप एकैपटक प्रज्वलन गरिए।

पछिल्लो वर्षमा लुम्बिनीबाट शान्तिको सन्देश फैलाउने गतिविधिहरू बढ्दै गएका छन्। जसकारण लुम्बिनीमा बौद्ध अनुयायीहरूको उपस्थितिसमेत बाक्लिदै गएको लुम्बिनी विकास कोषको तथ्यांकले देखाउँछ। विकास कोषका सूचना अधिकृत राजन बस्नेतले बौद्ध सांस्कृतिक गतिविधिहरू हुँदा लुम्बिनीमा आउने पर्यटकको संख्या उच्च दरमा वृद्धि भएको छ।

लुम्बिनीमा हुने अन्तर्राष्ट्रिय शैक्षिक सेमिनारहरूले पनि बौद्ध शिक्षाको प्रबर्द्धनमा महत्वपूर्ण योगदान गरेको अध्येताहरू बताउँछन्। लुम्बिनी बौद्ध विश्वविद्यालयका सहप्राध्यापक डा. सागर न्यौपानेले प्राज्ञिक सेमिनारबाट बौद्ध शिक्षाको प्रबर्धनका साथै पर्यटन आवागमनमा पनि वृद्धि हुने बताए। लुम्बिनीमा आउने हरेक पर्यटकलाई शान्ति दूतका रूपमा पठाउनुपर्ने उनले बताए।

**प्राचीनकालदेखि नै शान्ति खोज्दै लुम्बिनी**

लुम्बिनी बुद्धको जन्मस्थल रहेको तथ्य पुष्टि भइसकेको छ। लुम्बिनीमा बुद्ध जन्मेको तथ्य राख्ने पहिलो तीर्थयात्री सम्राट अशोक थिए। गृहयुद्धबाट हजारौंको ज्यान लिएका अशोक शान्ति चाहन्थे। बुद्धको महापरिनिर्वाणपछि अशोक सम्राट पहिलो पटक बुद्धस्थलको भ्रमण गर्न आएका थिए। जसले बुद्ध जन्मेको तथ्य शिलास्तम्भमा लेखेर राखिदिए। उनी राज्यभिषेकको २०औं वार्षिकोत्सव पारेर लुम्बिनीमा आएका थिए। इसा पूर्व तेस्रो शताब्दीका सम्राट अशोक बुद्ध धर्मप्रति गहिरो श्रद्धा राख्ने महान् सम्राट थिए। उनी बुद्धको जीवनसँग सम्बन्धित स्थलहरूको खोजीमा निस्कँदा लुम्बिनी आइपुगे। त्यसबेला लुम्बिनी एक सानो, शान्त, हरियालीले ढाकिएको गाउँजस्तै थियो, 'लुम्बिनीग्राम' भनेर चिनिने।

अशोकले यहाँ आएपछि लुम्बिनीलाई महत्वपूर्ण तीर्थस्थलका रूपमा मान्यता दिए। उनले एक प्रसाद (अशोकस्तम्भ) निर्माण गराए र त्यसमा शिलालेख (ब्राह्मी लिपिमा) लेखाइदिए। शिलालेखअनुसार लुम्बिनी सिद्धार्थ गौतम बुद्धको जन्मस्थल हो भनेर प्रमाणित गरियो, गाउँमा कर तिर्ने व्यवस्था हटाइयो वा न्यून गरियो।

» बाँकी पृष्ठ ६

**सन्दर्भ : बुद्ध जयन्ती**

बुद्धजयन्तीलाई उत्सवका रूपमा मनाउनका लागि लुम्बिनी विकास कोषले विभिन्न कार्यक्रमहरू गरिरहेको छ। लुम्बिनीमा जतिसक्दो धेरै सांस्कृतिक कार्यक्रम गर्ने योजना अगाडि बढाइएको छ।

**ल्हयरक्याल लामा,**
उपाध्यक्ष, लुम्बिनी विकास कोष

लुम्बिनीको पर्यटनले कृषि उपजको खपतदेखि हस्तकला, मूर्तिकला व्यवसायलाई पनि उचाइमा पुर्‍याएको छ। पर्यटन क्षेत्रमा कैयौं रोजगारीहरू सिर्जना भएका छन्। अझै ठोस योजना बनाएर अघि बढ्नुपर्छ।

**टंकप्रसाद पोखरेल,**
अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स, लुम्बिनी प्रदेश

# रेमिटयान्सबाट भित्रिनेभन्दा आयातमा बढी खर्च

**ममता थापा** | *काठमाडौं*

मुलुकमा भित्रिने रेमिट्यान्स (विप्रेषण)को तुलनामा आयात र वैदेशिक अध्ययनमा जानेहरूबाट विदेशी मुद्रा खर्चको आकार बढी छ। चालु आर्थिक वर्ष (आव) को ९ महिनालाई मात्रै आधार मान्ने हो भने यो अवधिसम्ममा ११ खर्ब ९१ अर्ब ३१ करोड रेमिट्यान्स भित्रिएको छ। जुन, गत आवको भन्दा १० प्रतिशतले बढी हो। यससँगै, अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.३ प्रतिशतले वृद्धि भई ८ अर्ब ७४ करोड पुगेको छ।

अर्कोतर्फ विदेशी मुद्राको मुख्य स्रोत रेमिट्यान्सको भन्दा बढी आयातको आकार हुँदा यस्तो मुद्रा अधिक बाहिरिएको छ। यस अवधिसम्ममा विभिन्न मुलुकबाट कुल वस्तु आयात १२.२ प्रतिशतले वृद्धि भई १३ खर्ब ९ अर्ब ५३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा २.८ प्रतिशतले कमी आएको थियो।

वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमश: ७.७ प्रतिशत, १४.४ प्रतिशत र २४.९ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा भटमासको कच्चा तेल, चामल/धान, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, खाने तेल, स्पन्ज आइरन लगायतका वस्तुको आयात बढेको छ। पेट्रोलियम पदार्थ, पामको कच्चा तेल, हवाईजहाजको पार्टपुर्जा, रासायनिक मल, लेख्ने तथा छाप्ने कागज लगायतका वस्तुको आयात घटेको छ।

यसबीच निर्यातबाट मुलुकले १ खर्ब ८८ अर्ब २० करोड रुपैयाँ बराबर आम्दानी गरेको छ। यसबीच कुल वस्तु निर्यात ६५.२ प्रतिशतले वृद्धि भएको छ। निर्यातमार्फत मुलुकमा वैदेशिक मुद्रा आर्जनमा पनि झिनो सुधार हुनु हो। तर, आयात र निर्यातको खाडल अधिक छ। जस्ले व्यापारघाटा ६.४ प्रतिशतले वृद्धि भई ११ खर्ब २१ अर्ब ३४ करोड पुगेको छ।

विदेशी मुद्रा बाहिरिने अर्को ठूलो क्षेत्र वैदेशिक अध्ययन पनि बन्दै गएको छ। चालु आवको ९ महिनासम्ममा शिक्षातर्फ १ खर्ब ३ अर्ब ८४ करोड खर्च पुगेको छ। यो कुल भ्रमण खर्चको ६०.९४ प्रतिशत हो। जबकी अघिल्लो वर्षको सोही अवधिमा शिक्षातर्फको व्यय ९५ अर्ब ८५ करोड रुपैयाँ थियो। यससँगै, यस अघिको फागुन महिनासम्ममा ८८ अर्ब ९८ करोड शिक्षामार्फत बाहिरिएको थियो। एकै महिनाको अन्तरमा थप १४ अर्ब ८६ करोड वैदेशिक अध्ययनमा बाहिरिएको छ।

नेपालबाट भ्रमणअन्तर्गत घुम्न, स्वास्थ्य र शिक्षामार्फत बाहिरिने रकमको ठूलो हिस्सा शिक्षा हो। यसअवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय १९ प्रतिशतले वृद्धि भई १ खर्ब ७० अर्ब ३९ करोड पुगेको छ। यसमध्ये शिक्षातर्फको व्यय १०३ अर्ब ८४ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय १४३ अर्ब २२ करोड रुपैयाँ रहेकोमा शिक्षातर्फको व्यय ९५ अर्ब ८५ करोड रुपैयाँ थियो।




- विदेशी मुद्रा विप्रेषणबाट भित्रिएको भन्दा आयात र शिक्षामा बढी रकम बाहिरियो
- ९ महिनामा ११ खर्ब ९१ अर्बको रेमिट्यान्स, आयातबाट १३ खर्ब र शिक्षाबाट १ खर्ब बढी विदेशी मुद्रा
- चामलको मूल्य घट्दा महँगी नियन्त्रण

बाहिरिने स्रोत नियन्त्रित हुन नसक्दा भविष्यमा जोखिम निम्तिन सक्ने अर्थविद्हरू औंल्याउँछन्। विश्वमा जुनसुकै मुलुकमा पनि युवा परिचालनबाटै मुलुकको विकास भएको बताउँदै अर्थविद् डा.डिल्लिराज खनाल वैदेशिक रोजगार तत्कालीन राम्रो भए पनि दीर्घकालीन रूपमा मुलुकलाई हित नहुने बताउँछन्। उनका अनुसार युवालाई राष्ट्र निर्माणमा लगाउनुपर्ने हो, बाध्य भएर कमाउन विदेशी रहँदा मुलुकको जग्गाजमिन बाँझिएका छन्।

यद्यपि विप्रेषणको आकार राम्रै छ ,जहिलेसम्म रेमिट्यान्स ठीक ढंगले आउँछ, त्यसलाई सही रूपमा सदुपयोग गर्न सके मात्रै मुलुकले मुहार फेर्ने उनको भनाइ छ। 'तर, विश्व अस्थिर भइरहेकाले कुनै मुलुकमा रोजगारी रोकियो भने रेमिट्यान्स भित्रिनेदेखि धेरैमा भयावह अवस्था हुन्छ,' उनले अन्नपूर्णसँग भने। यसर्थ यसरी आएको रेमिट्यान्सले एउटा सुविधा दिए पनि त्यसलाई सक्दो सदुपयोग गरेर विस्तारै स्वदेशमै रोजगारी सिर्जना गर्न जरुरी भएको डा. खनालले बताए। 'यसो गरे अर्थतन्त्रको आकार बढ्न र दिगो विकासलाई मद्दत पुग्छ,' उनले भने।

**वैदेशिक विनिमय सञ्चितिले १४.२ महिनाको वस्तु तथा सेवा आयात धान्ने**

रेमिट्यान्स बढेकै कारण मुलुकको वैदेशिक विनिमय सञ्चितिदेखि बैंकमा लगानीयोग्य पुँजी (तरलता) वृद्धि भएको छ। चैतसम्ममा विदेशी विनिमय सञ्चिति १८.९ प्रतिशतले वृद्धि भई २४ खर्ब २६ अर्ब ८४ करोड पुगेको छ। अमेरिकी डलरमा १५.४ प्रतिशतले वृद्धि भई १७ अर्ब ६३ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा २१ खर्ब ३६ अर्ब ४६ करोड पुगेको छ भने बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग २ खर्ब ९० अर्ब ३८ करोड कायम भएको छ। यस अवस्थामा नौ महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७.१ महिनाको वस्तु आयात र १४.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले बताएको छ।

» बाँकी पृष्ठ ६